**स्थानीय राजपत्र**

**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ५) भिमाद चैत्र ०१ गते, २०७८ साल (संख्या १२**

**भाग २**

**भिमाद नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए  बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भिमाद नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन सञ्चालन कार्यविधि,२०७८

स्वास्थ्य बीमा नियमावली, २०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी  भिमाद नगरपालिका नगर कार्यपालिकाले देहायको  भिमाद नगरपालिका स्वास्थ्य बीमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भिमाद नगरपालिकाविमा संयोजन समिति सञ्चालनकार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-,

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले स्वास्थ्य बीमा नियमावली नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) नगरपालिकाभन्नाले भिमादनगरपालिकालाई जनाउनेछ ।

(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्डसम्झनु पर्छ ।

(च) संयोजन समिति भन्नाले नियम २६ बमोजिम भिमाद नगरपालिकाले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ ।

(छ) नगर प्रमुख भन्नाले भिमाद नगरपालिकाको नगरप्रमुख लाई जनाउनेछ ।

(ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भिमाद नगरपालिकाको कार्यालय प्रमुख भई कामकाज गर्न तोकिएको अधिकृतलाई जनाउनेछ ।

## परिच्छेद २

## समितिको गठन

**३.संयोजन समिति गठनः** (१) नियम २६ बमोजिम भिमाद नगरनगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको नगर स्तरिय भिमाद नगरपालिका स्वास्थ्य बीमा संयोजन समिति रहने छ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर प्रमुखलेमनोनित गरेको जनसंख्याको आधारमा कुनै एकवडाका अध्यक्ष - सदस्य

(ग)नगर प्रमुखलेमनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक स्वास्थ्य संस्था प्रमुख - सदस्य

(घ) नगर प्रमुखलेमनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक महिला स्वंयसेविका सहित दुई जना - सदस्य

(ङ)शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने - सदस्य

(च)दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (भिमाद नगरपालिका) - सदस्य

(छ)प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा तिन महिनामा एक पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्य सुचि सामान्यतयाः तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौविस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले भिमाद नगरपालिक खर्च सम्बन्धी मापदण्ड, २०७५ बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) समितिको सचिवालय स्वास्थ्य शाखामा रहनेछ।

४. **काम, कर्तव्य र अधिकारः संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्** ।

(क) नगरपालिकाको क्षेत्र भित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) नगरपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने,

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न नगरपालिका र बोर्ड बीच समझदारी गर्ने,

(घ)नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुबिधा उपलब्ध गराउन वा बृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने,

(ङ)कार्यक्रमगत रुपमा बोर्डलाई सशर्तः अनुदान उपलब्ध गराउन सक्ने,

(च)नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धि गर्ने गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूद्वारा सञ्चालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

(ज)स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलव्धता हुने व्यवस्था गर्ने गराउने,

(झ)स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोउन्नति र पुर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ)कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

(ट)नगर कार्यपालिकाले तोकेका अन्य विषयहरू ।

५.**बजेट सम्बन्धी व्यवस्था** :-स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था नगरपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद ३
## विविध

६.**कार्यविधिमा संशोधनः**नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

**७.बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८.**प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

प्रमाणीकरण मितिः- २०७८/१२/०१

आज्ञाले,<br>
टेकनाथ दहाल<br>
प्रमुख प्रशासकीय अधिकृत

**सुचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु.१०।-**